# गेरुवा गाउँपालीका
# गाउँकार्यपालीकाको कार्यालय
## पशुपतिनगर , बर्दिया
## ५ नं. प्रदेश नेपाल

प. सं २०७५/०७६
च नं ४६२

मिति २०७५/०७/२९

बिषय : **साना सिचाइ आयोजनाको लागी निवेदन पेश गर्ने सूचना ।**

प्रस्तुत विषयमा यस कार्यालयको कृषि विकास शाखाद्वरा आ व २०७५।०७६ मा संचालन गरिने साना सिचाइ कार्यक्रम कृषक समुह, कृषि सहकारी संस्थाहरु, मार्फत संचालन गर्नुपर्ने भएकोले निम्न सर्तहरुको अधिनमा रही यो सूचना प्रकाशन गरीएको मिति ले **३५ दिन**भित्र रित पुर्वक निवेदन पेश गर्न आव्हान गरिन्छ ।

**शर्तहरु :**

१)कृषक समुह, कृषि सहकारी संस्था, उपभोक्ता समिति, संस्था दर्ता भएको प्रमाण पत्र सहित निवेदन ।( माग फारम सम्वन्धित वडाकार्यालयको सिफारिस सहित संस्थाको पदाधिकारी स्यंले गेरुवा गाउँपालीकामा दर्ता गर्नु पर्ने छ । वडा कार्यालयको सिफारिस नभएको निवेदन दर्ता गरिने छैन ।

२) निवेदन फारम दर्ता गर्दा फिर्ता नहुनेगरी साना सिचाइ तर्फ रु १००। राजश्व वापतको रकम जम्मा गरेको नगदी रसिद संलग्न हुनु पर्ने छ ।

३) आयोजना स्कीमको मोटामोटी लागत र निवेदक संस्था ,समुहले बेहोर्ने प्रतिशत समेत निवेदन फर्मेटमा जनाउनु पर्ने छ ।

४ ) आयोजना मागकालागी आवश्यक फर्मेट यसै कार्यालयको कृषि विकास शाखाको कार्यालय वाट निः शुल्क प्राप्त गर्न सकिने छ ।कार्यालयको छाप नलगाएको तथा म्याद नाघि आएको निवेदन दर्ता गरीने छैन ।

५ ) साना सिचाइ कार्यक्रम प्राप्त गरेको हकमा कम्तीमा २ बर्ष अवधि पुगेको हुनु पर्ने छ । व्यवशायीक रुपमा खेती प्रणाली अपनाएको हुनु पर्ने छ ।

६) विपन्न, दलित, पिछडीएका वर्ग, आदीवसी , जनजाती वर्ग र बाढी प्रभावित क्षेत्र भित्रका कृषि समुह । कृषि सहकारीले प्राथमीकता पाउने छन् ।

निवेदन पेश गर्दा आवश्यक कागजातहरु :

१) कृषि समुह , कृषिसहकारी संस्था दर्ता प्रमाण पत्र प्रतिलिपी ।
२) वडा कार्यालयको सिफारिस पत्र ।
३) कृषि समुह , कृषिसहकारी संस्था बैठकको निर्णय प्रतिलिपी ।
४) कृषि समुह , कृषिसहकारी संस्थाको जनसहभागीता रकम उल्लेख हुनुपर्ने ।
५) विस्तृत विवरण निवेदन स्कीममा उल्लेख हुनुपर्ने ।
६) सहकारीको हकमा डिभिजन सहकारी कार्यालय बर्दियाको शिफारिस पत्र । (कृषक समुहलाइ शिफारिस आवश्यक पर्ने छैन)

पुनश्चः थप जानकारीका लागी यस कार्यालयको कृषि विकास शाखामा सम्पर्क राख्हुन ।

भिमबहादुर खत्री
प्रमुख प्रशासकिय अधिकृत

**भिम बहादुर खत्री**
**प्रमुख प्रशासकीय अधिकृत**